जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

अनुसूची २

(दफा  तथा अनसूची-को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८    संख्याः ६    कार्यपालिकाबाट स्वीकृत  मितिः २०८१/११/११

प्रमाणीकरण मितिः२०८१/११/२७

भाग-२

जोशीपुर गाउँपालिका

## जोशीपुर गाउँपालिका

# खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना:**

जोशीपुर गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीकोपहुँच पालिका वासीसबैमा पु-याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्नु, खानेपानी तथा सरसफाइ समितिको स्थापना तथा दर्ता र संचाल गर्न सम्वन्धमा व्यवस्थापन गर्न बान्छनीय भएकाले जोशीपुर गाउँपालिका खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को उपदफा ८९ बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यबस्थापन कार्यविधि २०८१ बनाईएको छ ।

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

प्रकाश ढुंगाना

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

१. यस कार्य विधिको नाम "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति व्यवस्थापन कार्यविधि,२०८१" रहने छ ।

२. यो कार्यविधि जोशीपुर गाउँपालिका भित्र लागु हुने छ ।

३. यो कार्यविधि तत्काल लागु हुनेछ ।

२. **परिभाषा**:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:

क) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्छ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जोशीपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ग) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ

घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

**३. उपभोक्ता समिति दर्ता गर्नु पर्नेः**-स्थानीय स्तरमा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

**४. खानेपानीको स्रोत (मूल/डिप ट्वेल) दर्ता गर्नुपर्नेः**- गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य स्रोत जमिन मुनिको पानी डिप ट्वेलको माध्यमबाट संकलन गरी खानेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो डिप ट्वेल र पानी टंकी रहने जग्गाको आधिकारिकता समिति समक्ष रहेको निश्चित्ता सहित खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्नु पर्ने हुन्छ । खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि जमिन मुनिको पानी तान्ने, संकलन गर्ने, शुध्दिकरण गर्ने, पथान्तरण र उपभोक्ताहरु सम्म वितरण गर्नको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ । माग भए पछि निम्न अनुसारको समिति दर्ता गर्न मिल्ने

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर कैलाली सुदूरपश्चिम प्रदेश नेपाल २०७३

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

नमिल्ने सम्वन्धमा स्थलगत अध्यन गरी दर्ता गर्न मिल्ने अवस्था सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा जमिनको स्वामित्व समितिमा भएको यकिन तथासेवा क्षेत्र उल्लेख सहित गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा निम्न अनुसार सदस्यहरु रहेको समितिले अनुमती दिन सक्ने छ।

**१. संयोजक- पालिका प्रमुख**

**२. सदस्य- सम्वन्धित वडाको अध्यक्ष**

**३. सदस्य सचिब- प्रमुख प्रशासकीय अधिकृत**

**५. समिति दर्ता :-** (१) खानेपानी तथा सरसफाइ सेवा संचालन गर्नको लागि समिति दर्ता गर्न चाहने क्नै बस्ति/टोलका दूई तीहाई उपभोकताहरु भेला भएर सात वा सो भन्दा बढी (कार्यकारीणी समितिमा कम्तिमा दूईजना महिला सहित संपूर्ण समितिका सदस्य मध्ये आधा प्रतिशत महिला) व्यक्तिहरुले खानेपानी समितिको विधान अन्सार समिति गठन गरीसेवा क्षेत्र तथा देहायको विवरण ख्लाएर समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित पालिका प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

**खानेपानी तथा सरसफाइ समितिको दर्ताको लागि उल्लेख गर्नु पर्ने बिषयहरु:-**

**क) समितिको नाम:**

**ख) उदेश्यहरु :**

**ग) सेवा क्षेत्र :**

**घ) प्रस्तावित वोरिङ र पानी टंकी स्थान र** क्षेत्र:

**ङ) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा:**

**च) कार्यालयको ठेगाना:**

**छ) समितिको विधान:**

**ज) समिति संचालनको विधि र प्रकृया:**

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर कैलाली सुदूरपश्चिम प्रदेश नेपाल २०७३

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि पालिका प्रमुखको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले आवस्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाण पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना पाप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर पाप्त भएपछि गाउँपालिकाका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछन र त्यस्तो भएपछि प्रमुख प्रशासकिय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण पत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भीत्र समितिको अडिट रिपोर्ट र साधरण सभाको प्रति सहित गाउँपालिकामा पेश गरी नविकरण गर्नु पर्ने छ। दर्ता दस्तुर रु २०००।- (दुई हजार),नविकरण दस्तुर वार्षीक रु १०००।- (एक हजार)तिर्नु पर्नेछ।

**६. समिति संगठित मानिने :-** (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न् उत्तराधिकारवाला स्वसासीत र संगठित समिति हुनेछ। सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छाप, लेटर प्याड कार्यलय हुनेछ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नाम बाट नालिस उजुर लाग्नेछ।

**७. संस्थाको सम्पत्ती :-** (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुध्द संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा



प्रकाश ढुंगाना

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुध्द कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाई चलाउन सक्नेछ।

**८. यस अधि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने :-** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अधि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले १ (एक) महिना भित्र यो कार्यविधि बमोजिम गाउँपालिकामा सुचिकृत गराउनु पर्नेछ। सुचिकृत नविकरण/दर्ता हुनको लागि गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**९. समितिको उदेश्यहरुमा हेरफेर :-**(१) समितिको उदेश्यहरुमा हेरफेर गर्न आवस्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्वन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधरणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्ताबमा समर्थन जनाएमा सो प्रस्ताब साधारणसभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताब लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**१०. समितिको वर्गिकरण** :-दर्ता अनुमति प्राप्त गरी गाउँपालिकाको क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने घरधुरी सख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको बर्गिकरण हुनेछ।

१) १००१ घरधुरी वा सो भन्दा बढी घरधुरी भएको (क) वर्ग

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

२) ५०१ देखि १००० घरधुरी भएको (ख) वर्ग

३) ५०० घरधुरी सम्म घरधुरी भएको (ग) वर्ग

**११. तदर्थ समिति गठन गर्न सकिने :-**यस अघि दर्ता स्वीकृतप्राप्त गरी सन्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम १ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन/पुनर्ं गठन नगरेमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघट्न गरी संचालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्वन्धीत वडा अध्यक्षको संयोजकत्वमा उपभोक्ता सदस्यहरु मध्येबाट तीन महिला सहित पाँच सदस्य तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ।

**१२. संघ गठन गर्न सकिने :-** दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भीत्र संचालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संघ गठन गरी सोहि संघको सहयोगमा मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरु लाई व्यवस्थीत रुपमा संचालन गर्न सकिनेछ।

**१३. हिसाबको विवरण पठाउनु पर्ने :-** (१) उपभोक्ता समितिले आफ्नो समितिको विवरण लेखा परिक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष वडा कार्यलय र पालिकामा पठाउनु पर्नेछ।समितिले प्रत्येक महिना गरेको मिटिङको प्रति वडा कार्लयमा पठाउनु पर्नेछ ।

**१४. हिसाब जाँच गर्ने :-**(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले नियुक्ति गरेको कुनै अधिकृतव्दारा जाँच गराउन सक्नेछ।

**(२)** उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत पालिकाले हिसाब जाँचको प्रतिवेदन पालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी , सदस्य वा कर्मचारीले हिनामिना गरेको , नोक्सान गरेको वा दुरुपयोग गरेको छ भने पालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाई चलाउन सक्नेछ।



प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुध्दा चलाउन सक्नेछ ।

**१५. निर्देशन दिने:-** गाउँपालिकाले समितिलाई आवस्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धीत समितिको कर्तव्य हुनेछ।

**१६. दण्ड सजाय :-** (१) दफा ४ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (७) बमोजिम समितिको सम्पत्ती दुरुपयोग गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालिकले जनहि पाँचहजार सम्म जरिवाना गर्न सक्नेछ।

(२) दफा (१३) बमोजम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकले जनहि एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

तर, कुनै सदस्यले दफा (९) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने सक्नेछ।

(३) दफा (१४) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धीत अधिकृतले मागेको विवरण तथा कागजपात्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धीत पदाधिकारी,सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ।

(४) दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उदेश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उदेश्यको प्रतिकुल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।

**१७. पुनरावेदन :-**दफा (१६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धीत जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

**१८. समिति विघटन वा त्यसको परिणाम :-**(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणबस समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।



प्रकाश ढुंगाना

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ।

**१९. नियम बनाउने अधिकार** :- यस कार्यविधिको उदेश्य पुरा गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ।

**२०.** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयवधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतह विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म सम्वन्धीत वडा अध्यक्षको संयोजकत्वमा कामचलाउ समितिबनाई कार्य संचालन गाउँपालिकाले गर्नेछ।

**२१. गुणस्तरीयपानीआपूर्ति गर्नु पर्ने** :-अनुमतिपत्रप्राप्तसमिति/संस्थावायसकार्यविधि अनुसार अनुमतिप्राप्त समिति/संस्थालेस्वच्छतथागुणस्तरीयखानेपानीउपभोक्ताहरुमा वितरणगर्नुपर्नेछ। खानेपानी समितिले प्रत्येक महिना खानेपानीको गुणस्तर परिक्षण गर्नु पर्नेछ सो को प्रति सम्वन्धीत वडा समक्ष दिनु पर्नेछ।

**२२. धारातथामिटरजडान**:(१) यसऐनबमोजिमखानेपानीसेवाप्राप्तगर्नचाहनेउपभोक्तालेधारातथामिटरजडानकोलागिसम्वन्धीतसेवाक्षेत्रकोखानेपानी तथा सरसफाइ समितिसमक्षतोके बमोजिमको ढाँचामा निबेदन तथा सेवा दस्तुर बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पाप्त भएमा सम्वन्धीत क्षेत्रकोखानेपानी तथा सरसफाइ समितिले तोकिएको शुल्क लिई तोकिएको समय भित्र धारा तथा मिटर जडान गरिदिनु पर्छ।

(३) निर्धारित समयमा पानीमहशुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवाउपयोगगर्दापालनागर्नु पर्ने शर्तकोउल्लङ्गनगर्ने उपभोक्ताको धारा खानेपानी तथा सरसफाइ समितिले पूर्व सूचना दिई बन्द गर्न सक्नेछ।

**२३.** खानेपानी तथा सरसफाइ समिति सगँ शुध्द खानेपानी व्यवस्थितरुपमा संचालन संभार गर्न आबस्यकता अनुसार प्लम्बर, मिटर रिडर, लेखापाल र कार्यलय सहयोगि व्यवस्था गर्नु पर्ने छ।



प्रकाश ढुंगाना

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

**२४. खारेजी वा बचाउ :-** (१) खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुन पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समितिहरु यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ।

आज्ञाले
प्रकाश ढुंगाना
प्रमुख प्रशासकिय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३